# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाङ्काल गाउँपालिका
## ललितपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाङ्काल गाउँपालिका

## ललितपुर

### आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाङ्काल गाउँपालिका

## ललितपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १८७

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्षज्यू,

महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गोटीखेल, ललितपुर ।

१. **कैफियत सहितको राय** - हामीले महाङ्काल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ९९ लाख ८३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३४ लाख ५८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१७ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७५ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.६८ लाख ५८ हजार र पेश्की बाँकी रु.३ लाख रहेको छ । पालिकाको गतवर्षसम्म रु.९ करोड ६६ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड २२ लाख ४८ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी महाङ्काल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

महाङ्काल गाउँपालिका,

ललितपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| २६ | १२० | १९९८३ | ० | ३३ | ३४५८ | २६ | ८७ | १६५२५ | १७७१ | ६८५८ | ७५९६ | ० | ० | १४४५४ | ३०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ललितपुर | ९६६१८ | ० | ८९५ | ९५७२३ | ० | १६५२५ | ११२२४८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | १७ | सन्तोष थापाको बढि भुक्तानी रकम असुल भई फस्यौंट | १४४०० |
| | | १८ | मिलन बोम्जनको दोहोरो भत्ता रकम असुल भई फस्यौंट | ४८०० |
| | | १९ | सुब्रिन कुमार चिमौलियाको बिल भर्पाई नपुग रकम असुल भई फस्यौंट | २४५०८ |
| | | २० | सन्तोष थापाको पेश्की रकम फस्यौंट गरी प्रमाण पेश | २००००० |
| | | २३.१ | देवराज डाँगीको नपुग कर रकम असुल भई फस्यौंट | ४७१५ |
| | | २९ | वितरण भर्पाई पेश भएको आधारमा फस्यौंट | ९६३७५० |
| | | ३३ | सन्तोष थापाको बढि भुक्तानी बैठक रकम असुल भई फस्यौंट | ३४०० |
| | | ३४ | विद्यालयहरुले सेनिटरी प्याड खरिद गरी जिन्सी दाखिला गरेको प्रमाण पेश भएको आधारमा फस्यौंट | २९३२८० |
| | | ३५ | गुमराङ आविका शिक्षकको तलब रकम यकिन गरी प्रमाण पेश भएको आधारमा फस्यौंट | ४२२१२.३ |
| | | ३६ | विद्यालयहरुको बढि तलब निकासा रकम असुल भई फस्यौंट | १९६५६.८० |
| | | ३९ | बाघ भैरव माविको दोहोरो निकासा रकम असुल भई फस्यौंट | १२८०० |
| | | ४० | निर्देशिका विपरितको प्रशिक्षण भत्ता रकम असुल भई फस्यौंट | २८३९० |

| | | | | |
|---|---|---|---|---|
| | | ४४ | बाघ भैरव माविको ल्याव सामाग्री खरिद गरी कार्य सम्पन्न पेश भएको आधारमा फस्यौंट | १७९३९३५ |
| | | ५२.१ | प्रकाश तिमल्सिनाको बढि भुक्तानी भएको रकम असुल भई फस्यौंट | २४०० |
| | | ५२.८ | प्रमाश तिमल्सिनाको भ्रमण भत्ता बढि भुक्तानी रकम असुल भई फस्यौंट | १५००० |
| | | ५२.१० | चेत बहादुर विकको बिल भर्पाई पेश नभएको रकम पेश भएको आधारमा फस्यौंट | ३३००० |
| | | ५२.२३ | प्रकाश तिमल्सिनाको बढि तलब भुक्तानी रकम असुल भई फस्यौंट | १८९९ |
| | **चालु वर्षको जम्मा** | | | **३४५८१४६** |
| | **गत विगत वर्षतर्फको** | | | |
| २ | **२०७७।७८** | २१ | ३५ जना कर्मचारीहरुको परिपत्र विपरितको महंगी भत्ता रकम असुल भई फस्यौंट | ८४०००० |
| | | ५०.२ | युवा जागरुक फलफुल तथा कृषि समुहलाई बढि भुक्तानी भएको रकम असुल भई फस्यौंट | ५४९४५ |
| | **गत विगतको जम्मा** | | | **८९४९४५** |
| | **कुल जम्मा** | | | **४३५३०९१** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ८२.४४ वर्ग किलोमिटर तथा ११ हजार ९०० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२२ देखि २०८०।८।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय-व्ययतर्फ रु.८४,००,५०,६३२।१६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## २ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४८४३००९३० | ३८५४६६७७८ | | ३८५४६६७७८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४८१५२९५२५ | ३८१०२७९५६ | ० | ३८१०२७९५६ |
| ११००० कर | ११ | ७४५४१००० | ६५७३१४७६ | ० | ६५७३१४७६ |
| १३००० अनुदान | | ३७५९६३००० | ३००८५५९८६ | ० | ३००८५५९८६ |
| संघीय सरकार | १२ | ३०२६६९००० | २५८५९८८१६ | ० | २५८५९८८१६ |
| प्रदेश सरकार | १२ | ७३२९४००० | ४२२५७१७० | ० | ४२२५७१७० |
| १४००० अन्य राजस्व | | ११८००००० | १४१९४४४१ | ० | १४१९४४४१ |
| १५००० विविध प्राप्ति | | ७००००० | २४६०५३ | ० | २४६०५३ |
| ३२००० वित्तीय सम्पत्ति | | १८५२५५५२५ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २७७१४०५ | ४४३८८२२ | | ४४३८८२२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | २७७१४०५ | १९५०५२५ | ० | १९५०५२५ |
| धरौटी | | ० | २४८८२९७ | ० | २४८८२९७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४८४३००९३० | ३७१७६४८६२ | | ३७१७६४८६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४८१५२९५२५ | ३६९६४४०६१ | | ३६९६४४०६१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५८९५०००० | ५२५४८०६६ | ० | ५२५४८०६६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५६५००००० | ४२९०९७२४ | ० | ४२९०९७२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | २०००० | २०००० | ० | २०००० |
| २५००० सहायता (Subsidy) | १८ | ५५००००० | ४०६२४३१ | ० | ४०६२४३१ |
| २६००० अनुदान | १८ | २१६००५००० | १८५९४५०६३ | ० | १८५९४५०६३ |
| २७००० सामाजिक सुरक्षा | १८ | ५३७४५२५ | ५०५४००९ | ० | ५०५४००९ |
| २८००० अन्य खर्च | १८ | २०००००० | ११८७८९० | ० | ११८७८९० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३७१८००००० | ७७९१६८७८ | ० | ७७९१६८७८ |
| घ. अन्य भूक्तानी | | २७७१४०५ | २१२०८०१ | | २१२०८०१ |
| कोषहरु | | २७७१४०५ | ९८०००० | ० | ९८०००० |
| धरौटी | | ० | ११४०८०१ | ० | ११४०८०१ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | १३७०१९१६ | | १३७०१९१६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १४९४६०४८ | | १४९४६०४८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २८६४७९६५ | | २८६४७९६५ |
| बैंक तथा नगद बाकी | २४ | | २८६४७९६५ | | २८६४७९६५ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | ४१८२८००० | ४०६०९४९६ |
| २ | पर्यटन पूर्वाधार विकास आयोजना | ८००००० | ८००००० |
| **जम्मा** | | **४२६२८०००** | **४१४०९४९६** |

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको

आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार नगरेको,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) - कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार

लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४,०६,०९,४९६।- र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.८,००,०००।- समेत गरी रू.४,१४,०९,४९६।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ५ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७५,१६,१७८।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.९९,२६,५१२।०४ अर्थात अनुमान भन्दा ३२.०६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## ६ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २५०००० | १९९०५२ | ७९.६२ |
| घरजग्गा वहाल कर | २५०००० | १९६१८८.५४ | ७८.४८ |
| व्यवसाय कर | ५०००० | ९९००० | १९८ |
| वहाल विरौटी शुल्क | ५००००० | ३६३००० | ७२.५९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ७ बजेट पेस, पारित तथा अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.४४ करोड ४४ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदासमेत पुँजीगत बजेट २८.२१ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

## ८ रकामन्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही दफाको उपदफा ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका ३० योजना तथा कार्यक्रमको रु.२,११,७५,०००।- रकमान्तर गरेको छ । यसरी कारण बेगर रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

## ९ क्षेत्रगत बजेट तथा खर्च स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३९५५५००० | ३१३५७५३६ | ८.४८ |
| २ | सामाजिक विकास | २०९५७१००० | १८१०१७१८६ | ४८.९७ |
| ३ | पूर्वाधार विकास | १२४०५०००० | ६८७४४४८२ | १८.६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २७०६८५२५ | २३०३२७५७ | ६.२३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८१२८५००० | ६५४९२१०० | १७.७२ |
| **जम्मा** | | **४८१५२९५२५** | **३६९६४४०६१** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८.९७ प्रतशित र सुशासन तथा अन्तरसम्बन्धति क्षेत्रमा सबैभन्दा घटी ६.२३ प्रतिशत रहेको छ ।

## १० वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७,७९,१६,८७८।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ११ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ७७९१६८७८ | ७७९८२०४ | १६०१२१६५ | ७०८४७६१ | ४७०२१७४८ | २८४९०७९७ |
| प्रतिशत | १०० | १०.०१ | २०.५५ | ९.०९ | ६०.३५ | ३६.५७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.७,७९,१६,८७८।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.७७,९८,२०४।- (१०.०१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१,६०,१२,१६५।- (२०.५५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.७०,८४,७६१।-(९.०९ प्रतिशत) र चौथो त्रैमासिकमा रू.४,७०,२१,७४८।-(६०.३५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.२,८४,९०,७९७।- (३६.५७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च

हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १२ योजना प्राथमिकिकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १०८ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८ | ६ | २ | ० |
| २ | वडास्तरीय | १०० | ० | १२ | ८८ |
| **जम्मा** | | **१०८** | **६** | **१४** | **८८** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

## १३ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९९,२६,५१२।०४ राजस्व बाँडफाँड र अनुदानबाट रु.३७,५५,४०,२६६।३४ समेत रु.३८,५४,६६,७७८।३८ आम्दानी भएकोमा चालु तर्फ रु.२९,१७,२७,१८३।१६ र पुंजीगत तर्फ रु.७,७९,१६,८७८।- र वित्तीय व्यवस्थातर्फ रु.२१,२०,८०१।- समेत रु.३६,९६,४४,०६१।१६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६१,४०,८८५।- खर्च भएको छ जुन आन्तरिक आयको ६१.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.६८ प्रतिशत चालु र २८.२१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १४ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ७ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.१९,८०,३००।-(हेलमेट समेत) खर्च गरेको छ ।

## १५ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली, २१ कार्यविधि, ३ निर्देशिका लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## १६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप १ विवाद दर्ता भएकोमा उक्त मुद्दा फस्यौंट भएको देखिन्छ ।

## १७ बढी भुक्तानी

***...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१४,४००।- सम्परीक्षण गरिएको ।)***

## १८ प्रोत्साहन भत्ता

***...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४,८००।- सम्परीक्षण गरिएको ।)***

## १९ पेश्की फस्यौंट

***...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२४,५०८।- सम्परीक्षण गरिएको ।)***

## २० पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्नानुसार व्यक्तिलाई दिएको रु.३,००,०००।- पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । उक्त म्याद नाघेको पेश्की रकम नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| भौ.नं. र मिति | पेस्कीको विवरण | पेस्की लिनेको नाम | पेस्की रकम |
|---|---|---|---|
| २४९।२०८०।१।२६ | पशु बीमा प्रिमियम अनुदान | सुवास बजगाई | ३००००० |

***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२,००,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | ३,००,००० |

## २१ स्वकीय सचिव

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन) मा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । पालिकाले निम्नानुसार स्वकीय सचिव वापत पारिश्रमिक १ महिनाको अध्यक्षको खातामा, बाँकी ११ महिनाको रकम स्वकीय सचिवकै खातामा तथा उपाध्यक्षको खातामा समेत गरी रु.३,९२,०४०।- भुक्तानी गरेकोले ऐन विपरितको रकम अनियमित देखिएको रु.

| सि.नं. | पदाधिकारीको तथा स्वकीय सचिवको नाम | रकम |
|---|---|---|
| १ | अध्यक्ष गणेश बहादुर के.सि. | १७८२० |
| २ | उपाध्यक्ष डोल्मा माया गोले | १७८२०० |
| ३ | स्वकिय सचिव सुसन दुलाल | १९६०२० |
| **जम्माः** | | **३९२०४०** |

| | |
|---|---|
| अनियमित भएको | ३,९२,०४० |

२२ **तलबी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(५) मा स्थानीय सेवाका कर्मचारीहरुको प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पास गराई तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी रु.४,१८,७५,२०६।- खर्च गरेको छ । तलबी प्रतिवेदन पास नगरेकोले ग्रेड रकम एकिन गर्न सकिएन । तलबी प्रतिवेदन पास गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **पारिश्रमिक कर**

२३.१ ***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४,७१५।- सम्परीक्षण गरिएको ।)***

२३.२ आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम पटके आम्दानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३८९।२०८०।३।२० बाट महिलाहरुका लागि ३ दिने सिप विकास तालिम संचलान गरी नमुना आमा समुह संजाललाई रु.९२,९१०।- भुक्तानी गरेकोमा प्रशिक्षकको पारिश्रमिकमा १५ प्रतिशत कर रु.४,३५०।- कट्टा नगरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३५० |

२४ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक सहायक चौथो, पशु सेवा प्राविधिक, खापासटे, अमिन, ल्याव असिष्टेन्ट लगायत पदमा १७ जना कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.५८,८५,५२५।- भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५८,८५,५२५ |

२५ **यातायात खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन) बमोजिम दफा ३(क) मा पदाधिकारीहरुको सेवा सुविधा अनुसुचि-१(क) बमोजिम पाउने उल्लेख छ । सो अनुसुचिमा

यातायात खर्च वापत सवारी साधन उपलब्ध गराउने र सवारी साधन नभएमा मासिक रुपमा रकम प्रदान गर्ने व्यवस्था छ । पालिकाको सहायक जिन्सी खाता अनुसार निम्नानुसार वडा अध्यक्षहरुले मिति २०७९।९।१ देखि मोटरसाइकल लिएको देखिन्छ । पालिकाले मोटरसाइकल उपलब्ध गराएकोमा समेत रु.१,६६,३२०।- भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| सि.नं. | पदाधिकारीको नाम | महिना | दर | रकम |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष राम प्रसाद घिमिरे | ७ | ४००० | २७७२० |
| २ | वडा अध्यक्ष जोनि कुमार न्यासुर | ७ | ४००० | २७७२० |
| ३ | वडा अध्यक्ष मनोज कुमार पराजुली | ७ | ४००० | २७७२० |
| ४ | वडा अध्यक्ष कृष्ण प्रसाद तिमल्सिना | ७ | ४००० | २७७२० |
| ५ | वडा अध्यक्ष भुमिन्नद घिमिरे | ७ | ४००० | २७७२० |
| ६ | वडा अध्यक्ष बिनोद चौरेल | ७ | ४००० | २७७२० |
| **जम्माः** | | | | **१६६३२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,३२० |

२६ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत २६ वटा विद्यालयमा १७१ जना शिक्षक दरबन्दी भएकोमा १६८ जना पदपूर्ति र पदपूर्तिमध्ये ५३ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ती विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या २१७३ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

२७ **बिल भर्पाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ४०१।२०८०।३।२२ बाट चेत बहादुर विकलाई रु.३,३३,०००।- भुक्तानी गरेकोमा सो खर्चलाई पुष्टि गर्ने बिल, भर्पाई र कागजात संलग्न नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३३,००० |

२८ **विज्ञापन, पत्रपत्रिका तथा छपाई**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा सरकारी रकम खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यपस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञापन, पत्रपत्रिका तथा छपाईमा रु.२०,३४,०८१।- खर्च गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धाको माध्यमबाट वार्षिक रुपमा खरिद सम्झौता गरी खरिद गर्नेतर्फ ध्यान जानुपर्दछ ।

२९ **वितरण भर्पाई**

***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.९,६३,७५०।- सम्परीक्षण गरिएको ।)***

३० **शिर्षक फरक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२क) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार शिर्षकमा खर्च गर्नुपर्नेमा फरक शिर्षकमा रु.५,८१,०११।- खर्च लेखेकोले अनियमित देखिएको रु.

| भौ.नं. र मिति | खर्च गर्नुपर्ने शिर्षक | खर्च गरेको शिर्षक | रकम |
|---|---|---|---|
| ४१४।०८०।३।२३ | परीक्षा संचालन तथा व्यवस्थापन | पत्रपत्रिका सुचना प्रकाशन | १४६५०० |
| २७७।०८०।२।१२ | माटो परीक्षण तथा कृषि चुन वितरण | जनप्रतिनिधि तथा कर्मचारी भ्रमण | ५०००० |
| ४२६।०८०।३।२४ | प्रारम्भिक बालविकास सहजकर्ता विद्यालय कर्मचारी पारिश्रमिक | न्यायिक सहजकर्ता तलब | १४२१०६ |
| ६८।०७९।८।९ | प्रारम्भिक बालविकास सहजकर्ता विद्यालय कर्मचारी पारिश्रमिक | पशु सेवा प्राविधिक तलब | २४२४०५ |
| **जम्माः** | | | **५८१०११** |

| | |
|---|---|
| अनियमित भएको | ५,८१,०११ |

३१ **प्रोत्साहन भत्ता**

स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) मा स्थानीय तहले आफ्नो आन्तरिक आय पर्याप्त भएको अवस्थामा कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ को परिच्छेद ६ बुंदा नं १४ मा

पोत्साहन भत्ता गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुने व्यवस्था गरेको छ । पालिकाले मिति २०८० को गाउँ सभाको निर्णय बमोजिम कर्मचारीहरुलाई १ महिना तलब बराबर प्रोत्साहन भत्ता भुक्तानी गरी रु.५,४५,४५८।- खर्च गरेको देखियो । यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता, खर्चको आकार आदिलाई मध्येनजर गर्दै प्रोत्साहन भत्ता कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सुचकको आधारमा मात्र खर्च गर्नु पर्दछ ।

३२ **संचार खर्च**

गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ को परिच्छेद ६ बुंदा नं १२ बमोजिम कार्यालयमा नियमित कार्यसम्पादन गरेवापत मासिक रुपमा विभिन्न दरमा संचार रकम भुक्तानी गर्ने व्यवस्था गरेको छ । पालिकाले कर्मचारीहरुलाई मासिक रुपमा संचार खर्च वापत रु.१,८७,५००।- खर्च गरेको देखिन्छ । आन्तरिक आयको अवस्थालाई हेरी मितव्ययी तरिकाले खर्च गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३३ **बैठक भत्ता**

✍ ...........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.३,४००।- सम्परीक्षण गरिएको ।)*

३४ **सेनेटरी प्याड वितरण**

✍ ...........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२,९३,२८०।- सम्परीक्षण गरिएको ।)*

३५ **बढी निकासा**

✍ ...........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४२,२१२।३० सम्परीक्षण गरिएको ।)*

३६ **बढी निकासा**

✍ ...........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१९,६५६।८० सम्परीक्षण गरिएको ।)*

३७ **विद्यालय कर्मचारी पारिश्रमिक**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. १.१.४.१ को क्रियाकलाप १.३ बमोजिम प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय

कर्मचारीहरूको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरे बमोजिम मासिक न्यूनतम पारिश्रमिक रू.१५ हजारमा नपुग हुने रकम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट विनियोजन गरी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १३२।२०८०।३।३१ बाट प्रारम्भिक बाल विकास कक्षाका सहजकर्ता र विद्यालय कर्मचारीको चौथो त्रैमासिकको थप गरिएको पारिश्रमिक रू.११,८३,७००।- निकासा गर्दा पालिकाको अनुदानबाट निकासा दिनुपर्नेमा संघीय सर्शत अनुदानबाट निकासा दिएको छ । यसरी कार्यान्वयन पुस्तिका विपरीत निकासा दिएको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,८३,७०० |

## ३८ छात्रवृत्ति वितरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुको संख्या यकिन गरी स्थानीय तहले गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयहरुका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले भौ.नं. ३७।२०७९।१०।७ बाट रु.२,७०,२००।- निकासा गरेकोमा निम्नानुसार विद्यालयहरूबाट छात्रवृत्ति वितरण गरेको भर्पाई तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनामेसी सहितको विवरण पेश नगरेकोले पालिकाबाट अनुगमन गरी सम्बन्धित विद्यार्थीले प्राप्त गरेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | बुद्ध भगवान मा.वि. | ३४००० |
| २ | सरस्वती विद्याश्रम मा.वि. | १७६०० |
| ३ | पिता आ.वि. | १२००० |
| ४ | नमूना आ.वि. | ३६०० |
| ५ | बागमती आ.वि. | २०४०० |
| ६ | सरस्वती आ.वि. | ८८०० |
| ७ | ज्वालादेवी आ.वि. | ९२०० |
| ८ | कालिदेवी आ.वि. | ४४०० |
| **जम्मा** | | **११००००** |

## ३९ दोहोरो निकासा

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१२,८००।- सम्परीक्षण गरिएको ।)*

## ४० प्रशिक्षण भत्ता

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२८,३९०।- सम्परीक्षण गरिएको ।)*

## ४१ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## ४२ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ८.४९ देखि ३३.४४ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि.नं | कामको विवरण | ठेक्का नं | लागत अनुमान रु. | सम्झौता रकम भ्याट सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मानिखेल अस्पताल भवन निर्माण | (MRM/W/NCB/1S1E/02/079/080) | ७२७६५३५.७५ | ४८४३४८०.२८ | ३३.४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कृषि प्राविधिक शिक्षालय | (MRM/W/NCB/1S1E/01/079/080 | ७२७५१००.८४ | ४८४९८९४.१३ | ३३.३४ |
| ३ | गाउँपालिका प्रशासकीय भवन निर्माण | (MRM /WORKS-ABC/NBC-05/2077-078) | ८७१७६४०६.४४ | ६८७०६९५६.३४ | २१.१९ |
| ४ | मानिखेल अस्पताल मर्मत | (MRM/SQ/work-01/079/080) | १८८६१३५.८१ | १७२७०९६.४८ | ८.४३ |

## ४३ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि.नं. | कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| १ | १० शैयाको मानिखेल अस्पताल भवन निर्माण | ह्याबिल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १७५८९५० | १६७३०१५८९ |
| २ | Dhungkharka- chyamgrangbeshi-Sukun Fedi-Phaparbari Road | पूर्वाधार इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | ११२८८७० | १०२०६३९५५९ |
| ३ | मानिखेल अस्पताल भवन निर्माण/ | कान्तिपुर इन्जिनियर्स एण्ड बिल्डर्स प्रा. लि . | ४९१५५० | ७२७५५३५७६ |
| | कृषि प्राविधिक शिक्षालय | | | ७२८४१००७५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ४४ कार्यसम्पन प्रतिवेदन नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ

। देहायका सामान आपूर्तिकर्ताबाट खरिद गरिएको सामानको लेखापरीक्षण अवधिसम्म पनि कार्य सम्पन्न प्रतिवेदन तयार नभएकोले सोको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं. र मिति | सप्लायर्सको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३६।२०८०।३।२३ | नव निर्माण हार्डवेयर सेन्टर | एच.डि.पि.ई. सहित | २७५३८६ |
| ९७।२०८०।३।६ | पञ्चकन्या तार जाली उद्योग | १६४ थान २×१×१ ग्याविन | ६४६७६७ |
| | कालिका पोलिथिन सप्लायर्स | एच.डि.पि.ई. सहित | ५५०६७४ |
| ८।२०८०।१।१३ संघीय | स्क्वायर कन्स्ट्रक्सन एण्ड प्रा.लि. | सि.सि.टिभी, नेट लगायत | ८१८४८७ |
| ६।२०७९।११।१४ संघीय | नवीकरण उर्जा प्रा.लि. | सौर्य उर्जा | ७९९२९५ |
| **जम्मा** | | | **३०९०६०९** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१७,९३,९३५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,९०,६०९ |

## ४५ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको छ ।

| भौ.नं. र मिति | सप्लायर्सको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| ९९।२०८०।३।६ | इन्फिनिटी टेक्नोलोजी प्रा.लि. | कम्प्युटर लगायत | ९९४८५१ |
| | न्यू सिम्रन इन्टरप्राइजेज | फर्निचर | ६१३०२५ |
| ९८।२०८०।३।६ | एस.पि. ट्रेड एण्ड सप्लायर्स प्रा.लि. | फर्निचर | ४०१३७६ |
| | सुशिल इन्टरप्राइजेज | फर्निचर | ५९८९६६ |
| १०९।२०८०।३।२० | एस.पि. ट्रेड एण्ड सप्लायर्स प्रा.लि. | मोबाइल सेट ६ थान | १८०००९ |

| | | | |
|---|---|---|---|
| | सुशिल इन्टरप्राइजेज | स्टेशनरी | ७२७७२ |
| | स्मार्ट लिभङ्ग टेक्नोज प्रा.लि. | ल्यापटप ६ थान सहित | ९२०३८५ |
| १०७।२०८०।३।१९ | श्री सन्तानेश्वर कलात्मक काष्ठ उद्योग | फर्निचर | २०२४०० |
| | रोशनी लक्ष्मी इन्टरप्राइजेज | फर्निचर | ३२७७०० |
| **जम्मा** | | | **४३११४८४** |

## ४६ टुक्रा खरिद

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८ को उपदफा २ बमोजिम प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नुहुदैन उल्लेख छ । पालिका परिसरभत्रि कृषि भवन र भेटेरिनरी भवन साइडमा मेशनरी वाल लगाउने कामलाई टुक्रा टुक्रा गरी कार्य गराएको देखियो । प्रतिस्पर्धालाई सीमित हुनेगरी गराएको कार्य नियमसम्मत देखिएन ।

| भौ.नं र मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | कार्यस्थल | भुक्तानी |
|---|---|---|---|---|
| ७५।२०८०।२।११ | हिमाली डाँफे कन्स्ट्रक्सन एसोसियङ्ग | मेशिनरी वाल | पालिका परिसर | ९८०६३१ |
| | अलकापुरी बिल्डर्स एण्ड कन्ट्रयाक्टर्स | मेशिनरी वाल | पालिका परिसर | ९७१५२८ |
| **जम्मा** | | | | **१९५२१५९** |

## ४७ निर्माण व्यवसायीबाट काम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । पालिकामा उपभोक्तालाई दिएको काम निर्माण व्यवसायीबाट गराएको भनी गतवर्षको महालेखापरीक्षकको प्रतिवेदनमा व्यहोरा उल्लेख गरेपनि स्थिति यथावत छ । उपभोक्ताले रकम भुक्तानी लिन पेस गरेको बिल, भरपाई, कार्यबिल लगायतको फाँटबारीको नमूना परीक्षण गर्दा उपभोक्ताको श्रम प्रयोग नभएको, मेसिनयन्त्र प्रयोग गरी ग्राबेल बाटो तयार गरेको, नयाँ सडक बनाएको तथा बाटो स्तरीकरण गर्दा निर्माण व्यवसायीले पेस गरेको बिजकमा उल्लेख भएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाए नबुझाएको यकिन गर्न सकिएन । तसर्थ देहाय अनुसारका उपभोक्ता मार्फत् भुक्तानी लिने निर्माण व्यवसायीले जारी गरेका बिजकको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | बिल रकम | मू. अ. कर | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३८।२०८०।३।२३ | साविक वडा नं. १, ६, ७, ८ र ९ मा एक टोल एक मोटर बाटो नि.उ.स. | ६६९३३७ | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ७४७००० | ९७११० | ८४४११० |
| १२४।२०८०।३।२३ | बुखेल सेपिलो खण्ड मोटरबाटो उ.स. | ४८५००० | मुनलाइट निर्माण सेवा प्रा.लि. ( ६०६८५८७७१ ) | ५३४६७ | ६९५१ | ६०४१८ |
| १३३।२०८०।३।२३ | बुखेल पारिलो खण्ड मोटरबाटो उ.स. | ३८८००० | | ४२८०१५ | ५५६४२ | ४८३६५६ |
| १२९।२०८०।३।२२ | नमनडाँडा गोलेटोल देउता खोला मोटरबाटो उ.स. | २०१३५५ | | २३२५०० | ३०२२५ | २६२७२५ |
| १२७।२०८०।३।२२ | हुचिटार हुँदै माथिल्लो मोटरबाटो नि.उ.स. | १७१७४८ | सक्षम निर्माण सेवा ( ६०६८१३००२ ) | १८२००० | २३६६० | २०५६६० |
| १२२।२०८०।३।२२ | नमनडोल बाबियोडाँडा मस्गाउँ मोटरबाटो नि.उ.स. | १३०५४० | मुनलाइट निर्माण सेवा प्रा.लि. ( ६०६८५८७७१ ) | १३८०४० | १७९४५ | १५५९८५ |
| ११४।२०८०।३।२० | मोटरबाटो मर्मत तथा सरसफाई उ.स. वडा नं. ३ | ३६०५०६ | मुनलाइट निर्माण सेवा प्रा.लि. ( ६०६८५८७७१ ) | ४०४००० | ५२५२० | ४५६५२० |
| १०२।२०८०।३।१७ | माङमुङ्ग सिम्टार मोटरबाटो नि.उ.स. | ४४८१७६ | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ५००३०० | ६५०३९ | ५६५३३९ |
| १००।२०८०।३।१४ | सेपिलोदेखि माथिल्लो बाई बाटो जोड्ने मोटरबाटो उ.स. | १४०५८४ | धनलक्ष्मी इञ्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १५५७०० | २०२४१ | १७५९४१ |
| ८३।२०८०।२।२४ | खरिडाँडा सिमढुङ्गा मोटरबाटो नि.उ.स. | ४८५००० | सक्षम निर्माण सेवा (६०६८१३००२) | ५४३१६२ | ७०६११ | ६१३७७३ |
| ७२।२०८०।२।१० | पालाखु खोला लोलछाप्रा मोटरबाटो नि.उ.स. | ४५२२७९ | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | ५०१०४८ | ६५१३६ | ५६६१८४ |
| ६७।२०८०।२।८ | गिम्दाखोला मोटरबाटो नि.उ.स. | २९१००० | धनलक्ष्मी इञ्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ३२२६२४ | ४१९४१ | ३६४५६५ |
| ५३।२०८०।१।२४ | घारी खोरिया बलेको चौर गन्दुबगर खानीडाँडा मोटरबाटो मर्मत उ.स. | ३३११८५ | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ३७१४५० | ४८२८९ | ४१९७३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२।२०८०।१।२४ | बुखेल पारिलो खण्ड मोटरबाटो मर्मत उ.स. | ९५४१२६ | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | १०६६५०१ | १३८६४५ | १२०५१४६ |
| ५१।२०८०।१।२१ | बुखेल सेपिलो खण्ड मोटरबाटो उ.स. | ९६७७१८ | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | १०७५६३८ | १३९८३३ | १२१५४७१ |
| ४७।२०८०।१।४ | साविक वडा नं.१,२,३ मोटरबाटो नि. उ.स. | १९४००० | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | २१६९०३ | २८१९७ | २४५१०० |
| ४४।२०७९।१२।९ | साविक वडा नं.२,३,४ मा एक टोल एक मोटरबाटो नि.उ.स. | ७६६९०१ | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ८५९००० | १११६७० | ९७०६७० |
| ४०।२०७९।११।२८ | नाकेडाँडा दारपाखा जोड्ने ट्रयाक नि.उ.स. | २८६२६६ | सक्षम निर्माण सेवा (६०६८१३००२) | ३२५१०० | ४२२६३ | ३६७३६३ |
| ३५।२०७९।१०।२३ | साविक वडा नं.७/८/९ मोटरबाटो नि.उ.स. | २९१००० | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | २९१००० | ३७८३० | ३२८८३० |
| ३४।२०७९।१०।२३ | साविक वडा ४/५ मोटरबाटो नि.उ.स. | १९४००० | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | २०८५०० | २७१०५ | २३५६०५ |
| ३२।२०७९।१०।१९ | थलडाँडा मानिखेल आचताल सडक बिस्तारर उ.स. | १६६१३५ | सक्षम निर्माण सेवा (६०६८१३००२) | १८६१३७ | २४१९८ | २१०३३५ |
| २५।२०७९।१०।१० | गुमराङ्ग सिलिङ भैरवथान शाखा बाटो मर्मत उ.स. | ९७०००० | धनलक्ष्मी इञ्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १०७८२२२ | १४०१६९ | १२१८३९१ |
| २४।२०७९।१०।१० | साविक वडा २,३,४,५ मा एक टोल एक मोटरबाटो नि.उ.स. | ४७८००० | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ५३७५०० | ६९८७५ | ६०७३७५ |
| २३।२०७९।१०।१० | साविक वडा १,६,७,८,९ मा एक टोल एक मोटरबाटो मर्मत उ.स. | ४७६३९९ | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ५३३२५० | ६९३२३ | ६०२५७३ |
| २१।२०७९।९।२८ | बस्ती स्तरीय सडक मर्मत उ.स. | ४७७५२१ | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | ५२८००० | ६८६४० | ५९६६४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७।२०७९।९।१३ | सुमरामोड रानीखोला रिगिन सडक बिस्तार उ.स. | ४८११८० | सक्षम निर्माण सेवा (६०६८१३००२) | ५३७५०० | ६९८७५ | ६०७३७५ |
| १६।२०७९।९।१३ | हुचिटार,कन्यादमार,चिरुवाडाडा,कपिराम,देवीडाडा, हेल्टार,धैयाडाडा मोटरबाटो मर्मत उ.स. | ६११७९५ | मदरल्याण्ड बिल्डर्स (३०२०८१५२३) | ६८१००० | ८८५३० | ७६९५३० |
| १३।२०७९।९।७ | लक्ष्यबास कतवन गोटिखेल चन्दनपुर नमन ठुलादुर्लुङ्ग मेन बाटो नि.उ.स. | २१३४०००० | लालीदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९६९९२६१) | १३१०६१४ | १७०३८० | १४८०९९४ |
| | | | मुनलाइट निर्माण सेवा प्रा.लि. (६०६८५८७७१) | ५३०९७३ | ६९०२६ | ५९९९९९ |
| | | | सक्षम निर्माण सेवा (६०६८१३००२) | ३५०००० | ४५५०० | ३९५५०० |
| ३२।२०८०।३।१४ प्रदेश | दुर्लुङ्ग कपिराम मोटरबाटो निर्माण उ.स | ४८५००००० | आशिर्वाद बालुवा वासिङ्ग तथा निर्माण सामग्री उद्योग प्रा.लि. (606567483) | ५३५३२०० | ६९५९१६ | ६०४९११६ |
| २५।२०८०।३।५ प्रदेश | गोटिखेल बाट सिम्वा झरना जाने बाटो ३र २ मङ्गाल गा.पा.,ललितपुर निर्माण उ.स. | ४८४९६५१ | सक्षम निर्माण सेवा (६०६८१३००२) | ९१२५०० | ११८६२५ | १०३११२५ |
| | | | महाङ्काल ट्रेडिङ्ग एण्ड सप्लायर्स | ८२८९९८ | १०७७७० | ९३६७६८ |
| **जम्मा** | | | | **२१९८९८४२** | **२८५८६७९** | **२४८४८५२१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,५८,६७९.६१ |

## ४८ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । पालिका र उपभोक्ता समितिबीच सम्झौता हुँदा कुल कार्यसम्पन्न रकमको सडक निर्माणमा १० प्रतिशत र भवन मन्दिर निर्माणमा ५ प्रतिशत उपभोक्ताले व्यहोर्ने र बाँकी रकम पालिकाले व्यहोर्ने गरी सम्झौता भएको छ

। सम्झौता अनुसार पालिकाले उपभोक्ताले सम्पन्न गरेको कामको आधारमा रकम उपलब्ध गराउँदा परीक्षण गरिएका केही उपभोक्ताहरूलाई सम्झौता भन्दा बढी रकम भुक्तानी दिएको देखिन आयो । तसर्थ तहाँबाट छानबिन गरी बढी भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कार्यसम्पन्न रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १३४।२०८०।३।२३ | बुखेल सेपिलो खण्ड मोटरबाटो नि.उ.स. | ४८५००० | ५३४६६७ | ४८१२०० | ३८०० |
| ३२।२०८०।३।९४ प्रदेश | दुर्लुङ्ग कपिराम मोटरबाटो निर्माण उ.स. | ४८५०००० | ५३५३१३३ | ४८१७१९० | ३२८१० |
| ५४।२०८०।३।२४ प्रदेश | खैरीडाँडा खानेपानी तथा साना सिँचाइ नि.उ.स. | २४२१९१० | २५६०३३२ | २३०४२९८ | ११७६१२ |
| २०।२०८०।३।२२ संघीय | श्री ५ महेन्द्र मा.वि. | १४३९६८५ | १५८३५७२ | १४२५२१५ | १४४७० |
| **जम्मा** | | | | | **१६८६९२** |

| असुल गर्नुपर्ने | १,६८,६९२ |
|---|---|

४९ **दोहोरो खाता**

सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७७ को अनसूची १० अनुसार गाउँ/नगरपलिबाट रकम प्राप्त हुनासाथ बैङ्कले लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (REVERSE FEED) र बाँकी रकम भए सो रकम समेतको जानकारी गाउँ/नगरपालिकालाई गराई उक्त बाँकी रकम चौमासिक रुपमा समायोजन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले ६ वटै वडाको बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न निकासा उपलब्ध गराएकोमा सम्बन्धित बैङ्कले उपलब्ध गराएको अनुसूची-१० बमोजिमको विवरणको लेखापरीक्षण गर्दा निम्नानुसार फरक फरक लाभग्राहीको भत्ता एउटै खातामा जम्मा भएको देखिन्छ । सो सम्बन्धमा पालिकाबाट छानविन गरी यकिन गर्नुपर्ने रु.

| किस्ता | वडा | परिचपत्र | लाभग्राहीको नाम | जन्म मिति | ना.नं. | खाता नं. | निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | २०१०११२४०२७०३ | Indra Badhur Singtan | २४-११-२०१० | २८३००१२२५ | ८४११४०१७८४०५००१ | ४००० |
| १ | ६ | २०१००२२५०५४५४ | bipi maya rumba | २५-०२-२०१० | ९५०१ | ८४११४०१७८४०५००१ | ४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ६ | २०११०८२४० २०५३ | Kedar Nath Banjara | २४-०८-२०११ | १८३५ | ० | १२००० |
| ४ | ४ | २०१८१२१५० ४७६५ | Tej Prasad Timalsina | १५-१२-२०१८ | २०१३ | ० | ३९९० |
| ४ | १ | २०४१०३०६० १९५१ | Karna Bahadur Sapkota | ५१६५५ | ९८०५ | ० | २१२८ |
| ४ | ६ | २०५६०२२३० ३०१३ | Bina Syangtan | २३-०२-२०५६ | २१ | ० | ६३८४ |
| ४ | २ | २०७८०२२३० ७९४५ | Sambhav Pariyar | २३-०२-२०७८ | | ० | १०६४ |
| **जम्मा** | | | | | | | **३३५६६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,५६६ |

## ५० दोहोरो निकासा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले निम्नानुसार लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो खर्च लेखेकोले लाभग्राही लगत अद्यावधिक गरी बढी खर्च लेखेको रकम सम्बन्धमा यकिन गरी दोहोरो परेको रकम असुल हुनुपर्ने रु.

| किस्ता | वडा | परिचपत्र | लाभग्राहीको नाम | जन्म मिति | ना.नं. | निकासा | दोहोरो |
|---|---|---|---|---|---|---|---|
| २ | १ | २००९०८१५०९५३४ | Bhukta kumari timalsina | १५-०८-२००९ | १३९१ | १२००० | १२००० |
| २ | २ | २००९०८१५०९७०४ | Bhukta Kumari Timalsina | १५-०८-२००९ | १३९१ | १२००० | |
| ३ | १ | २००९०८१५०९५३४ | Bhukta kumari timalsina | १५-०८-२००९ | १३९१ | १२००० | १२००० |
| ३ | २ | २००९०८१५०९७०४ | Bhukta Kumari Timalsina | १५-०८-२००९ | १३९१ | १२००० | |
| ४ | १ | २००९०८१५०९५३४ | BHUKTA KUMARI TIMALSINA | १५-०८-२००९ | १३९१ | १२००० | १२००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | २ | २००९०८१५०९७०४ | BHUKTA KUMARI TIMALSINA | १५-०८-२००९ | १३९१ | १२००० | |
| **जम्मा** | | | | | | | ३६००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,००० |

## ५१ प्रधानमन्त्री स्वरोजगार

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३० योजना सञ्चालन गरी यस वर्ष ४६ जनालाई औसत ९२ दिनले ४२४४ दिन रोजगारी उपलव्ध गराई रु.२५,८४,८७४।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ५२ आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरू

५२.१ **...........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२,४००।- सम्परीक्षण गरिएको ।)***

५२.२ वडा नं ४ का महिलाहरूलाई सीपमुलक तालिम अन्तर्गत स्कुटर सिकाए बापत रु.१,००,०००।- सिटी ड्रईभिङ्ग स्कुल प्रा.लि.लाई भुक्तानी भएकोमा सो प्रा.लि.संग भएको सम्झौता पत्र नभएकोले सो प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५२.३ Creative production (P.) LTD. लाई रु.१२,९९५।- भुक्तानी भएकोमा बिलमा office envelop print भन्ने खुलाएको खरिद आदेश तथा दाखिला प्रतिवेदन नभएकाले सो सामान कुन प्रयोजनका लागि खरिद भएको यकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९९५ |

५२.४ जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण कार्यक्रममा भएको खर्चको भुक्तानी दिँदा पारिश्रमिक कर र अग्रिम आयकर गरी जम्मा रु.८,२००।- गाउँपालिकाकै चालु खातामा जम्मा गरेकोले सो रकम आन्तरिक राजश्व कार्यालयको सम्बन्धित शीर्षकमा सोधभर्ना गरेको बैंक भौचर पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२०० |

५२.५ सन्तोष थापालाई रु.१५,७६०।- भुक्तानी भएकोमा सो रकम के बापत भुक्तानी भएको हो सो यकिन हुने प्रमाण नभएकाले सो पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,७६० |

५२.६ बाखाखोर निर्माण अनुदान मार्फत ६ जनालाई अनुदान दिएको जसमा ५ जनालाई रु.१४,०००।- का दरले र १ जनालाई २०,०००।- भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन तथा बिल पेश नगरेकोले सो पेश गर्नुपर्ने तथा ६ जना कृषकले औषधि खरिद गरी रु.९५,३७०।- को बिल पेश गरेकोमा रु.९९,३७०।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४,०००।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

५२.७ विस्तापित कृषकलाई गोठ निर्माण अनुदान शिर्षकबाट वडा नं. ४ को वडा समितिको निर्णय र सिफारिस बमोजिम राम प्र. दाहाललाई रु.९७,०००।- भुक्तानी भएकोमा टिप्पणीमा लागत साझेदारीमा कार्यक्रम संचालन गरिने भनेको तर सम्झौता पत्र नभएकोले कति साझेदारी गर्ने हो यकिन नभएकोले सो प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,००० |

५२.८ **...........(*प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१५,०००।- सम्परीक्षण गरिएको ।)***

५२.९ इमान्दार मिडिया प्रालिलाई सुचना प्रकाशन गरेवापत रु.११,३००।- भुक्तानी भएकोमा सक्कल बिल पेश नगरेकोले सो पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३०० |

५२.१० ✓ ..........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.३३,०००।- सम्परीक्षण गरिएको ।)*

५२.११ नमन डाँडा सार्वजनिक शौचालय ढलान तथा निर्माण उ.स.ले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१,८३,५४२।- को कार्य गरेको जसमा श्रमदान वापत रु.२३,७८६।९६ कट्टा गरी रु.१,५९,७५५.३५ भुक्तानी हुनुपर्नेमा रु.१,७७,५४२।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१७,७८६.६५ सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,७८६.६५ |

५२.१२ गुरु आ.वि.ले कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.६९,९७१।९४ को कार्य गरेकोमा श्रमदान वापत रु.११,३४०।९६ कट्टा गरी रु.५८,६३१।९४ भुक्तानी हुनुपर्नेमा रु.६६,९७१।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.८,३३९।०६ लसम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३३९.०६ |

५२.१३ नमनडोल बाबियो डाँडा भस्गाउँ मोटरबाटो निर्माण उ.स.ले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.१,३८,०४०।१५ को कार्य गरेकोमा श्रमदान वापत रु.२५,२७१।२ कट्टा गरी रु.१,१२,७६८।९५ भुक्तानी हुनुपर्नेमा रु.१,३०,५४०।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१७,७७१।०५ सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,७७२.०५ |

५२.१४ दुर्लुङ्ग माथिल्लो ढडिन सिडिबाटो निर्माण उ.स.ले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१,९७,१६२।३४ को कार्य गरेकोमा श्रमदान वापत रु.२२,३१८।०३ कट्टा गरी रु.१,७४,८४४।३१ भुक्तानी हुनुपर्नेमा रु.१,८९,६८४।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१४,८३९।६९ सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८३९.६९ |

५२.१५ चन्दनपुर खोला नियन्त्रण उ.स.ले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३,६३,४३५।२१ को कार्य गरेकोमा श्रमदान वापत रु.३९,४१६।९१ कट्टा गरी रु.३,२४,०१८।३ भुक्तानी हुनुपर्नेमा रु.३,४९,२००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२५,१८१।७० सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,१८१.७ |

५२.१६ बुखेल पारिलो खण्ड मोटरबाटो मर्मत उ.स.ले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.४,२८,०१४।६१ को कार्य गरेकोमा श्रमदान वापत रु.४४,६४८।४७ कट्टा गरी रु.३,८३,३६६।१४ भुक्तानी हुनुपर्नेमा रु.३,८८,०००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४,६३३।८६ सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६३३.८६ |

५२.१७ हुचिटार हुँदै माथिल्लो मोटरबाटो निर्माण उ.स.ले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१,८२,१९०।- को कार्य गरेकोमा श्रमदान वापत रु.२३,२८१।- कट्टा गरी रु.१,५८,९०८।- भुक्तानी हुनुपर्नेमा रु.१,७१,७४८।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१२,८४०।- सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८४० |

५२.१८ पोषण कार्यक्रमको लागि रु.१,५३,३००।- भुक्तानी भएकोमा रु.६७,०५०।- को बिल भर्पाई पेश भएकोमा वडा नं.१ देखि ५ का स्वास्थ्य चौकिहरुले संयोजक भत्ता, यातायात खर्च र कार्यालय सहयोगी खर्चको बिल भर्पाई बुझाउन बाँकी देखिएकाले सो पेश गर्नुपर्ने अन्यथा असुल गुर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,३०० |

५२.१९ बुखेल सेपिलो खण्ड मोटरबाटो मर्मत उ.स.ले कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.५,३४,६६६.९६ को कार्य गरेको जसमा श्रमदानवापतको रु.५५,२६३.८४ रकम कट्टि गरी रु.४,७९,४०३/- रकम भुक्तानी हुनुपर्नेमा रु.४,८५,०००/- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५,५९७/- सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५९७ |

५२.२० नवनिर्माण हार्डवयर सेन्टरबाट रु.२,९८,३८५।- बराबरको खानेपानी पाईप खरिद गरेकोमा तुलनात्मक तालिका नमिलेको र सो पाईप चेत बहादुर विकलाई हस्तान्तरण गरेकोमा उक्त पाईप कसरी केमा प्रयोग यकिन गर्न नसकिएकोले प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,३८५ |

५२. पशु सेवा केन्द्रको भवनमा किचेन धारा निर्माण कार्य सम्पन्न गरी विशाल चौलागाईलाई रु.१,४४,७९३।-
२१ भुक्तानी दिएकोमा सो कार्य गर्न दिएको कार्यादेश र योजना सम्झौता नभएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,७९३ |

५२. न्युनतम सेवा सुधारका लागि स्वास्थ्य संस्थाहरुलाई रु.५०,०००।- का दरले अनुदान दिएकामा गोटिखेल
२२ स्वास्थ्य चौकिले मात्र प्रगति विवरण पेश गरेकोले अन्य स्वास्थ्य चौकिबाट सो प्रगति प्रतिवेदन पेश गर्नुपर्ने
रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

५२. ...........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को*
२३ *निर्णयबाट रु.१,८९९।- सम्परीक्षण गरिएको ।)*

५२. विवेक दाहाललाई रु.१२,०००।- भुक्तानि भएकोमा के वापत हो सोको बिल नभएको र एस.एम ट्रेडर्स
२४ एण्ड सप्लायर्सबाट सामान खरिद गरी रु. १,१९,९९४।७ भुक्तानी भएकोमा सक्कल बिल नभएकोले सो पेश
गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,९९४.७ |

५२. प्रजनन रुग्नता पाठेघरको क्यान्सर स्क्यानिङ्गको रु.२०,०००।- भुक्तानी भएकोमा सक्कल बिल पेश
२५ नभएकोले सो पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

५२. खैरिडाँडा खानेपानी तथा साना सिंचाई निर्माण उ.स.ले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार
२६ रु.२५,६०,३३२।०१ को कार्य गरेकोमा श्रमदान वापत रु.२,७४,९४९।- कट्टा गरी रु.२२,८५,३८३।-
भुक्तानी हुनुपर्नेमा रु.२४,२१,९१०।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१,३६,५२७।- सम्बन्धित
उ.स.बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,५२७ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : महाङ्काल गाउँपालिका, ललितपुर ।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु प्रसाद सुवेदी | २०७८-७-५ | २०७९-४-१५ |
| कार्यालय प्रमुख | धिराज मरासेनी | २०७९-४-१५ | २०८०-५-१८ |
| कार्यालय प्रमुख | अशोक विष्ट | २०८०-५-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bimal Raj kafle | २०८०-१०-१८ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,९०२,५४७.८१ | ६,८५८,५७६ | १०,७२१,७५९.६१ | ० | ० | ५००,००० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | १९,९८२,८८३.४२ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | ३,४५८,१४६.१ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | १६,५२४,७३७.३२ |

**स्थानीय तह :**

| गत बर्षको जिम्मेवारी | १४९४६०४८.४५ |
|---|---|
| आम्दानी | खर्च |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | २५८५९८८१६.१६ | **चालु खर्च** | २९१७२७१८३.१६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४२२५७१७० | **पूँजीगत खर्च** | ७७९१६८७८ |
| **राजश्व बाँडफाँट** | ६१७६१६३६.१८ | **वित्तीय/अन्य व्यवस्था** | ४३५३०२९७ |
| **आन्तरिक आय** | ९९२६५१२.०४ | | |
| **अन्य आय** | ५४३३२१४० | | |
| **कुल आय** | ४२६८७६२७४.३८ | **कुल खर्च** | ४१३१७४३५८.१६ |
| **बाँकी मौज्दात** | | २८६४७९६४.६७ | |